का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ मंसिर २०७९,
सोमबार
28 November 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २०, अंक २८२ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



रामजानकी विवाह महोत्सवको पाँचौं दिन गंगासागरमा भएको मटकोर विधि हेर्न घुइँचो लागेका श्रद्धालुहरु । तस्वीरः अजयकुमार साह, रासस

## कांग्रेस–एमाले सरकार कति सम्भव ?

नेकपा एमालेका नेता विष्णु रिमालले नेकपा एमाले र नेपाली कांग्रेसको सरकार गठनको आवश्यकता औंल्याइरहँदा ओली र प्रकाशमानका बीचमा भएको भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ मंसिर ।

नयाँ सरकार गठनका विषयमा राजनीतिक दलहरुले गृहकार्य अगाडि बढाउन थालेका छन् । यही बेला नेकपा एमालेका केही नेताहरुले कांग्रेस र एमालेको सरकार गठनको आवश्यकता औंल्याएका छन् । नेकपा एमाले उपमहासचिव विष्णु रिमालका अनुसार कुनै पनि दललाई सरकार बनाउन सक्ने गरी स्पष्ट बहुमत नदिएर जनताले एमाले र कांग्रेस सहितका दलहरुलाई मिलिजुली काम गर्ने जनादेश दिएका छन् ।

सत्ता गठबन्धनले बहुमत नपाउनुले जनताको रुची सत्ता गठबन्धनमा नरहेको देखाएको उल्लेख गर्दै उनी भन्छन्, 'फेरि पनि कसैलाई पनि बहुमत नदिएर तिमीहरु मिलिजुली काम गर भन्ने जनमत प्राप्त भयो ।'

यस्तो अभिव्यक्ति एमाले अध्यक्ष ओलीले चुनाव अगाडि नै गरेका थिए । एक अन्तरवार्तामा ओलीले भनेका थिए, कांग्रेस र एमाले सरकारमा सँगै जान पनि सक्छन् ।' कांग्रेस र एमाले सँगै सरकारमा जान सक्नेमा उनले ब्याख्या गरेका थिए, 'माधव नेपाल प्रधानमन्त्री भएका बेला कांग्रेसले समर्थन गरेको थियो, सरकारमा सँगै थियो । गिरिजाप्रसाद प्रधानमन्त्री भएका बेला म उपप्रधानमन्त्री थिएँ, परराष्ट्रमन्त्री थिएँ । त्यस्ता सम्भावनालाई अवस्थाअनुसार नकार्न सकिँदैन ।'

> चुनाव अगाडि नै एमाले अध्यक्ष ओलीले भनेका थिए - कांग्रेस र एमाले सरकारमा सँगै जान पनि सक्छन् । माधव नेपाल प्रधानमन्त्री भएका बेला कांग्रेस सरकारमा सँगै थियो । गिरिजाप्रसाद प्रधानमन्त्री भएका बेला म उपप्रधानमन्त्री थिएँ । यस्ता सम्भावनालाई अवस्थाअनुसार नकार्न सकिँदैन ।

ओलीले चुनाव अगाडि नै भनेको विषय एमाले नेताहरुले चुनाव पछाडि पनि सम्झिएका हुन् । अर्कोतर्फ, यही बेला चुनावको अन्तिम परिणाम नआउँदै एमाले र कांग्रेसका नेताहरुबीच भेटघाट सुरु भएको छ । आइतबार मात्रै एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न कांग्रेसका नेता प्रकाशमान सिंह ओली निवास बालकोट पुगे । प्रकाशमान पनि कांग्रेसबाट प्रधानमन्त्रीका आकांक्षी हुन् ।

आइतबारको भेटमा दुवै नेताले समसामयिक राजनीतिक विषयहरु छलफल गरेको दुवै नेताको सचिवालय बताउँछ । पार्टीमा संसदीय दलको नेतामा प्रतिस्पर्धाको तयारी गर्ने बताइरहेका नेता प्रकाशमान सिंहले चुनावी परिणाम आइनसक्दै एमाले अध्यक्ष ओलीसँग भेटवार्ता गरेका हुन् ।

एमाले नेता रिमालले एमाले र कांग्रेसको सरकार गठनको आवश्यकता औंल्याइरहँदा ओली र प्रकाशमानका बीचमा भएको भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ । कांग्रेस वा एमालेले सरकार बनाउन धेरै दलहरु मिल्नुपर्ने हुन्छ । सत्ता गठबन्धनलाई मात्रै सरकार निर्माणका लागि आवश्यक जनमत छैन । संवैधानिक व्यवस्थाअनुसार दुई वा दुईभन्दा पार्टीले बहुमत सिद्ध गरेर गएपछि राष्ट्रपतिले प्रधानमन्त्री बन्नलाई आमन्त्रित गर्छन । यस्तो अवस्थामा सत्ता गठबन्धनले के गर्छ त्यसपछि कदम चाल्ने एमालेको नीति छ । तर, त्यस अगाडि एमालेले पनि सरकार गठनको सम्भावनालाई ख्याल गर्दै गृहकार्य अगाडि बढाएका बेला कांग्रेसका नेताहरूसँग पनि संवादमा जुटेको हो ।

एमाले स्वंम नै कांग्रेससँग छलफल गर्न तयार भएको रिमाल बताउँछन् । उनी भन्छन्, 'अहिलेको चुनौती सरकार कसले बनाउनेभन्दा पनि स्थिरता कसरी दिने भन्ने कुरा प्रमुख हो । स्थिरताका लागि कांग्रेस र एमाले सँगै बसेर कुरा गर्न जरुरी छ । नेपाली कांग्रेस मुलुक र प्रजातन्त्रलाई कसरी सुदृढ बनाउन चाहन्छ भन्ने विषयमा ऊसँग हामी रचनात्मक छलफल गर्न तयार छौं । अहिले हामी टाउको गन्ने र संख्या पुर्यायाएर प्रधानमन्त्री खाने स्थितिमा

– बाँकी पृष्ठ २ मा

## अनुमोदन नहुने उच्च नेताहरू

यो चुनावबाट पूर्वप्रधानमन्त्री झलनाथ खनाल, गृहमन्त्री बालकृष्ण खाँण, पूर्वप्रधानमन्त्री ईश्वर पोखरेल, पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादवदेखि माओवादी केन्द्रका महासचिव देव गुरुङ समेत पराजित भए ।







**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ मंसिर ।

पूर्वप्रधानमन्त्री झलनाथ खनालले यसपटक आफ्नै पूर्वकार्यकर्ता महेश बस्नेतसँग पराजय बेहोरेका छन् । निकै ढिलोगरी गणना भएको इलाम-१ बाट खनाल दुई हजार बढी मतान्तरल एमालेका बस्नेतसँग पराजित भएका हुन् । बस्नेत एक्लै मैदानमा थिए भने खनाललाई सत्तारुढ गठबन्धनको समर्थन थियो ।

तर आफै संस्थापक भएर बनाएको एमालेविरुद्ध जित निकाल्न सकेनन् । यो नतिजाले आगामी पाँच वर्षका लागि संसदीय बाटो बन्द मात्रै भएको छैन, खनालको राजनीतिक करिअरमा पनि असर पुगेको छ । एमालेका संस्थापक नेता खनालले १२ वर्ष पार्टी नेतृत्व गरेका थिए भने अध्यक्ष भएकै बेला २०६७ मा प्रधानमन्त्री भएका थिए । गएको वर्ष एमाले विभाजन हुँदा खनाल नेकपा एकीकृत समाजवादीतिर लागेका थिए । खनालको पराजयले एकीकृत समाजवादीलाई समेत ठूलै धक्का लागेको छ ।

यो चुनाव हार्ने खनाल शीर्ष नेता समेत हुन् । खनालपछि एमालेकै वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली लगायत चुनाव हार्ने ठूला नेता हुन् । काठमाडौं-२ बाट पोखरेल कांग्रेस उम्मेद्वार प्रदीप पौडेलसँग पराजित भए । तनहुँका पौडेल मनोनयन दर्ता गर्ने अन्तिम समयमा काठमाडौं आएका थिए । उनले एमालेका ठूला नेता पोखरेललाई सजिलै हराएका छन् ।

महासचिव शंकर पोखरेलले दाङ-२ बाट पराजय बेहोरे । पोखरेल माओवादी केन्द्रका रेखा शर्मासँग पराजित भए । पोखरेललाई यो पराजयबाट ठूलै धक्का लागेको छ । यसअघि गुल्मी-१ बाट जित्दै आएका प्रदीप ज्ञवाली समेत यो चुनावमा पराजित भए । पूर्वमन्त्री एवम् एमाले उपमहासचिव ज्ञवालीलाई कांग्रेसका चन्द्र भण्डारीले पराजित गरे । एमाले सचिव लेखराज भट्ट कैलाली-४ बाट पराजित भए ।

मधेश आन्दोलनका नेतृत्व गरेर राष्ट्रिय राजनीतिमा आएका उपेन्द्र यादव पनि यसपटक संसदमा आउन सकेनन् । ०७० मा पनि उपेन्द्र मोरङ-५ बाट पराजित भएका थिए । तर त्यसबेला उनी सुनसरी-५ बाट निर्वाचित भए । तर संविधानले दुई ठाउँबाट चुनाव लड्न नपाउने व्यवस्था गरेपछि यादव सप्तरी-२ सरेका थिए । यो क्षेत्रबाटै ०७४ को चुनाव जितेका यादवले यसपटक जित्न सकेनन् । उनलाई जनमत पार्टीका अध्यक्ष सिके राउतले हराएका छन् ।

चुनाव हार्नेमा गृहमन्त्री बालकृष्ण खाँण पनि यसपटक परेका छन् । ०६४ को चुनावमा गृहमन्त्री कृष्ण सिटौला पराजित भएका थिए ।

सिटौला जस्तै खाँण पनि यसपटक राप्रपाका दीपक बोहोरासँग पराजित हुन पुगे । पराजित हुने पूर्वमन्त्रीहरुको सूची लामै बन्छ । जसलाई जनताले अनुमोदन गरेन ।



जनमत पार्टीका अध्यक्ष सिके राउत मतदातालाई धन्यवाद दिँदै ।

## दोलखामा पुनः मतदान

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ मंसिर ।

> दोलखाका १० वटा मतदान केन्द्रमा मतदान स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको नदेखिएको ठहर गर्दै आयोगले पुनः मतदानको निर्णय सुनाएको हो ।



दोलखाका १० वटा मतदान केन्द्रमा पुनः मतदान हुने भएको छ । निर्वाचन आयोगले दोलखाका विवादित मतदान केन्द्रमा पुनः मतदान गर्ने निर्णय गरेको हो । दोलखाका १० वटा मतदान केन्द्रमा मतदान स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको नदेखिएको ठहर गर्दै आयोगले पुनः मतदानको निर्णय सुनाएको हो ।

दोलखामा आयोगले पठाएको छानबिन टोलीको प्रतिवेदनका आधारमा पुनः मतदान गराउनुपर्ने निर्णय गरिएको प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले जानकारी दिए । उनका अनुसार यो निर्णय आइतबार साँझ बसेको आयोगको बैठकले गरेको हो ।

आयोगका अनुसार मंसिर ४ गते प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ को वैतेश्वर गाउँपालिका वडा नं. ६ वैतेश्वर माध्यमिक विद्यालय मतदान केन्द्र क, ख, ग, घ र सोही गाउँपालिकाको वडा नं. २ जनज्योति माध्यमिक विद्यालय पुतलिकाठ मतदान केन्द्र क र ख, तामाकोशी गाउँपालिका वडा नं. ३ हेल्थपोष्ट भवन जफे मतदान केन्द्र क र ख तथा वैतेश्वर गाउँपालिका वडा नं. ३ कालिढुङ्गा माध्यमिक विद्यालय मतदान केन्द्र क, ख, ग समेत गरी १० वटा मतदान केन्द्रमा मतदान स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएको नदेखिएको आयोगको ठहर छ ।

यसैगरी, स्याङ्जा-२ को निर्वाचन विवादवारे बुझ्न स्थलगत अध्ययन गर्न आयोगले टोली गएको छ ।

अध्ययन गर्न स्थलगत टोली पठाउने कि नपठाउने भन्नेवारेमा निर्वाचन आयोगका पदाधिकारीहरुविच नै फरक मत देखिएको थियो । गत बिहीबारको आयोगको बैठकमा सबै पदाधिकारीहरुको रायमा फरक मत राख्दै निर्वाचन आयुक्त इश्वरीप्रसाद पौड्यालले प्रक्रियासम्मत रुपमा नै कामकारबाही भएकाले स्थलगत टोली पठाउन आवश्यक नभएको भनी राय दिएका थिए ।

आयोगका अधिकारीहरुका अनुसार चारजना आयुक्तले स्थलगत रुपमा टोली पठाएर प्रतिवेदन दिनुपर्छ भनी राय दिँदा आयुक्त पौड्यालले सबै कामकारबाही प्रक्रियासम्मत रुपमा भएकाले टोली जान आवश्यक छैन भनी फरक

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## आईपीओका लागि रेमिट्यान्स खाताको सिआरएन नम्बर कार्यान्वयनमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ मंसिर

सिडिएस एण्ड क्लियरिङ्गले आइतबारदेखि रेमिट्यान्स खाताको सिआरएन नम्बर अपडेट गर्ने व्यवस्था गरिएको जनाएको छ । सिडिएस एण्ड क्लियरिङ्गको उक्त व्यवस्थासँगै वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरूका लागि सार्वजनिक हुने निजी तथा सार्वजनिक कम्पनीको आईपीओ भर्न सहज भएको छ ।

नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई कम्पनीको आईपीओमा १० प्रतिशत कोटा छुट्याउनु पर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । बोर्डले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकालाई संशोधन गर्दै गत बिहीबारबाट उक्त व्यवस्था कार्यान्वयनमा ल्याएको हो । सरकारले चालू आर्थिक वर्षको बजेटमा वैदेशिक रोजगारमा रहेका कामदारलाई आईपीओमा आरक्षणको नीति ल्याएको थियो ।

श्रम स्वीकृति लिई विदेशमा रोजगारी गरिरहेका नेपाली कामदारका लागि छुट्याइएको शेयरमा आईपीओ भर्न आवेदन दिनका लागि विप्रेषण (रेमिट्यान्स) बचत खाता उल्लेख गरी दर्ता गरिएको सिआरएन नम्बर अनिवार्य रहेकाले यथाशीघ्र आफ्नो खाता रहेको बैंकमा सम्पर्क राखी सिआरएन नम्बर लिन सिडिएससीले अनुरोध गरेको छ ।

आईपीओ जारी गर्ने संस्थाले सर्वसाधारणलाई निष्काशन गर्ने शेयरमध्ये कम्तीमा १० प्रतिशत शेयर सर्वसाधारणका लागि खुला गर्नु १५ दिन अघि नै श्रम स्वीकृति प्राप्त गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई छुट्याउनु पर्ने व्यवस्था छ । वैदेशिक

– बाँकी पृष्ठ २ मा

## जितेर आएका श्रममन्त्री कुँवरलाई मन्त्रालयमा स्वागत

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आइतबार प्रतिनिधिसभा सदस्यमा निर्वाचित मन्त्री शेरबहादुर कुँवरलाई स्वागत गरेको छ । अछाम क्षेत्र नं १ बाट नेकपा (एकीकृत समाजवादी)का तर्फबाट गठबन्धनका उम्मेदवार कुँवरले नेकपा एमालेका उम्मेदवार झपट बोहरालाई ४ हजार ४ सय ८९ मत अन्तरका साथ पराजित गरेका थिए । प्रतिनिधिसभा सदस्यमा निर्वाचित कुँवरले १९ हजार ५ सय ३४ मत ल्याएका थिए भने उनका निकटतम प्रतिद्वन्द्वी एमालेका बोहराले १५ हजार ४५ मत प्राप्त गरेका छन् ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि मन्त्री कुँवर आइतबार पहिलोपटक जिम्मेवारी सम्हाल्न मन्त्रालय आइपुगेका थिए ।

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१२ मंसिर २०७९, सोमबार
28 November 2022, Monday

# 'हाम्रो भविष्य शहर केन्द्रित हुने निश्चित'

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ मंसिर



विश्व शहर दिवस र विश्व शहरी दिवस २०७९ मूल तयारी समितिका संयोजक पद्म कुमार मैनालीले हाम्रो भविष्य शहर केन्द्रित हुने बताएका छन् । आइतबार शहरी विकास तथा भवन निर्माण विभागमा भएको पत्रकार सम्मेलन कार्यक्रममा मैनालीले विश्व शहरी दिवसको मुख्य उदेश्य विकासको प्रमुख मुद्दा शहरीकरणलाई मानेर अन्तर ाष्ट्रिय समुदायको ध्यानाकर्षण गर्नुपर्ने बताए । 'कुनै पनि देशको आर्थिक विकासको संकेत गर्ने पक्ष भनेको देशमा भएको शहरीकरण नै हो ।' उनले भने ।

वातावरणीय ह्रास, मानिसका स्वास्थ्यमा असर, खाद्य संकट जस्ता समस्या बढिरहँदा ती समस्यासँग जुध्न र समाधानका उपाय खोज्नका लागि स्थानीय सरोकारवाला र विश्व समुदायको सहभागितामा विश्व शहर दिवस र विश्व शहरी दिवस मनाउन लागिएको उनले जानकारी दिए । साथै हरेक वर्ष नोभेम्बर ८ मा विश्व शहरी योजना दिवस मनाइने गरेको पनि उनले बताए । यस दिवसले सरोकारहरुवाला बिचको सहकार्य, नैतिकता एवं समतालाई प्राथमिकतामा राख्ने गरेको मैनालीको भनाइ थियो ।

विश्व शहरी दिवस मनाउन शुरु गरेदेखि 'वेटर सिटी, वेटर लाइफ' भन्ने नारा रहेको तर हरेक वर्ष नाराहरु परिवर्तन हुने मैनालीले बताए । योसँगै वर्ल्ड सिटिज् डे २०२२ मा हुने कार्यक्रमको नारा 'थिङ्क ग्लोबल, प्लान लोकल' र उपनारा 'एक्ट लोकल टु गो ग्लोबल' रहेको उनले जानकारी दिए । नेपालको सन्दर्भमा विश्व शहरी योजना दिवसको नारा 'दिगो विकासका लागि स्थानीय प्रयास' तयार पारिएको मैनालीले बताए ।

'नेपालको संविधानको धारा ३०बाट प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ । तसर्थ संविधानले दिएको अधिकारलाई सम्बोधन गर्न समृद्ध शहरी वातावरणको सिर्जनाद्वारा शहरी वासिन्दाको जीवनस्तरमा सुधार ल्याउन शहरी विकास मन्त्रालय र त्यस अन्तर्गतका सबै निकाय प्रयासरत छन् ।' उनले भने ।

शहरी विकास तथा भवन निर्माण विभागबाटै नयाँ शहर विकास कार्यक्रम, स्मार्ट सिटी विकास कार्यक्रम, सघन शहरी विकास कार्यक्रम, रणनीतिक योजना तथा विभिन्न नगरपालिकामा एकीकृत शहरी विकास योजना तयार गर्दै आइरहेको मैनालीले बताए । शहरी विकास तथा भवन निर्माण विभागद्वारा गरिने हरेक कार्यमा सञ्चारकर्मीको महत्वपूर्ण भूमिका रहेको मैनालीको भनाइ थियो ।

# उदयपुरमा एमालेसहित ९ दलद्वारा पुन: मतदानको माग



**उदयपुर/मस-** उदयपुरको प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ को मतगणता भइरहेको समयमा आइतबार विहान प्रदेश सभाको मतपत्र प्रतिनिधि सभाको मतपेटिकामा भेटिएपछि धाँधली भएको भन्दै नेकपा एमाले लगायत ९ दलले पुन: मतदान गर्न माग गरेको छ ।

नेकपा एमालेलगायतका दलले पुन मतदानको माग राखेको हो । प्रदेशको प्रत्यक्ष तर्फको १ सय मतपत्र प्रतिनिधि सभा तर्फको मत गणनामा फेला पारेपछि धाँधली भएको भन्दै एमाले लगायत ९ दलले पुन: मतदानको माग गरेको हो । असन्तुष्टी पक्ष लगायतको बैठक बसी नागरिकहरुको निष्पक्ष मतदान गर्ने अधिकार हनन् भएको भन्दै पुन मतदानको माग राखेको जनाएको छ । प्रतिनिधि सभा निर्वाचन क्षेत्र नम्बर १ तथा प्रदेश सभा निर्वाचन क्षेत्र १ (क) र १ (ख) मा खसेको मत भन्दा बढी मत भेटिएको भन्दै निर्वाचन अधिकृतको हस्ताक्षर र मतपत्रमा छाप लगाएको एक मुष्ठ १ सय मतपत्र मतगणना गर्दा फेला परेको हुँदा धाँधली भएको आरोप लगाएका छन । एमाले नेता तथा प्रदेश सभा सदस्य उम्मेदवार समेत रहेका ईश्वरमणी राउतले मतदानको क्रममा जुन ठाउँमा धाँधली भएको हो त्यस ठाउँमा निष्पक्ष मतदान हुनुपर्ने माग गरेका छन् । प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्र १(क) र १(ख) को सबै प्रक्रिया रद्ध गरी पुन मतदानको प्रक्रिया अगाडि बढाउनु पर्ने माग राखेका छन् । यता गठबन्धनले भने फेला परेको मतपत्र रद्ध गरी सोही स्थगित मत गणना जारी राख्नु पर्नेमा जोड दिएको छ ।

प्रतिनिधि सभा निर्वाचन क्षेत्र १ को मतगणता भइरहेको समयमा आइतबार बिहान प्रदेश सभाको मतपत्र प्रतिनिधि सभाको मतपेटिका भेटिएपछि बिवाद हुँदा मत गणना स्थगित भएको थियो । साता दिनदेखि जारी मतगगणना प्रतिनिधि सभाको मतपेटिकामा प्रदेश सभाको मतपत्र भेटिएपछि विवाद भएको हो । आइतबार खोलिएका १० वटा प्रतिनिधि सभाको मतपेटिकामा १ सय हाराहारी मत पत्र प्रदेश सभाको भेटिएको थियो । गणना स्थगित पछि पटक-पटक सर्बदलीय बैठक मार्फत समाधानको प्रयास भएपनि टुङ्गमा पुग्न सकेको छैन ।

# शीतभण्डार निर्माण अलपत्र



**राजविराज/मस-** सप्तरीको राजविराज नगरपालिका-१५ स्थित देउरी भारुवामा फलफूल र तरकारीका लागि निर्माण थालिएको शीतभण्डार अलपत्र अवस्थामा रहेको छ ।

जिल्ला सहकारी संघ लिमिटेडमार्फत नगरपालिकालाई हस्तान्तरण गरिएको उक्त शीतभण्डारको विगत अढाई वर्षदेखि निर्माण कार्य पूर्णरुपले ठप्प रहेको पाइएको छ । नगरपालिकाले वडा नं १५ देउरी भरुवामा शीतभण्डार निर्माणका लागि एक बिघा जग्गा दिए पनि ठेकेदारको लापरवाहीले गर्दा समयमा निर्माण हुन सकिएको छैन ।

सो शीत भण्डारको क्षमता तीन हजार मेट्रिकटन रहेको छ । जिल्ला सहकारी संघले सहकारी संस्थाको व्यवस्थापन विस्तार एवं यहाँ उत्पादित कृषिउपजको भण्डार र व्यवस्थापनमा सहयोग पुऱ्याउने उदेश्यले कार्य अगाडि बढाइएको थियो । विसं २०७५ फागुनमा शिलान्यास गरी निर्माण थालिएको शीतभण्डारको काम ३० प्रतिशत मात्र भएको छ ।

शीतभण्डार निर्माणको कामको शर्मा आशिष ओम साइराम, सानोठिमीले ठेक्का लिएको छ । संघका प्रबन्धक रमेशप्रसाद गुप्ताले शीतभण्डारबाट हजारौं किसानले लाभ लिनसक्ने जनाउँदै शीघ्र निर्माण सम्पन्न गर्न पहल गर्नुपर्ने बताए ।

संघीय सरकारले बजेट निकासा नगरेका कारण काम रोकिएको उनले जानकारी दिए । उनले भने, 'संघीय र प्रदेश सरकारले समयमा अनुदान रकम दिएका छैनन्, संघीय सरकारको ६०, संघ संस्थाको २० तथा स्थानीय तथा प्रदेश सरकारको २० प्रतिशत रकम रहने गरी शीतभण्डारको निर्माण थालिएको थियो ।'

संघीय सरकारले समयमा शीतभण्डारका लागि बजेट नदिएका कारण निर्माण व्यवसायले समेत भुक्तानी नपाएको भन्दै काम रोकिएको जनाएको छ । तराईको नवलपरासी र सप्तरीको देउरी भरुवामा एकै समयमा निर्माण थालिएको शीतभण्डार नवलपरासीमा निर्माण सम्पन्न भइसकेको बताइएको छ । यहाँ सरकारले समयमा बजेट नदिएका कारण निर्माणमा अवरोध भएको सहकारी सङ्घका निर्देशक गुप्ताको भनाइ छ ।

अहिले शीतभण्डारका लागि जग्गामा माटो भराई, बण्डीबाल र फलामको पिलर ठड्याउने कामबाहेक अरु काम अगाडि बढ्न नसकिएको स्थानीयवासीले बताएका छन् । स्थानीय रामकुमार यादवले किसानको आशाका रुपमा रहेको शीतभण्डार समयमा निर्माण हुन नसकिएका कारण आफूहरु निराश भएको बताए ।


किसानको हितमा निर्माण भइरहेको यो शीतभण्डार राजनीतिक कारण पछाडि परेको भन्दै यहाँ र आसपासमा उब्जाएका तरकारी कतै राख्ने ठाउँ नभएको उनले गुनासो गरे ।

जिल्लामा एकमात्र निर्माण थालिएको शीतभण्डार बजेट अभाव भएको भन्दै निर्माण नै ठप्प पारेपछि किसानको आशा निरासामा परिणत भएको अर्का सोही ठाउँका किसान हरिकुमार मण्डलले बताए ।

विसं २०७५ मङ्सिर १५ मा जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र तत्कालीन मधेस प्रदेशका कृषिमन्त्री शैलेन्द्रप्रसाद साहले यहाँका शीतभण्डारको शिलान्यास गरेका थिए ।

# निर्वाचनमा लक्ष्मी र सरस्वतीको खेल भयो : हृदयेश त्रिपाठी

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ११ मंसिर



जनता प्रगतिशील पार्टीका केन्द्रीय अध्यक्ष हृदयेश त्रिपाठीले अहिलेको निर्वाचनमा लक्ष्मी र सरस्वतीको खेल भएको बताएका छन् । पश्चिम नवलपरासी १ मा नेपाली कांग्रेसका विनोद चौधरीसँग पराजित बनेका त्रिपाठीले आइतबार पत्रकार सम्मेलन गर्दै यस्तो बताएका हुन् । 'अहिलेको निर्वाचन सामान्य र साधारण थिएन, निर्वाचनमा लक्ष्मी र सरस्वतीको लडाई थियो । जनतामा लक्ष्मी हाबी भयो' पत्रकार सम्मेलनमा उनले भने ।

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा आचारसंहिताको पूर्ण पालना नभएको उनको दाबी थियो । आचारसंहिता उलङ्घनको विषयमा सम्बन्धित निकायमा जानकारी गराउँदा पनि कारबाही प्रक्रिया अगाडि नबढाइएको उनले आरोप लगाए । निर्वाचनमा पराजित भएपनि संविधानको रक्षाका लागि सक्रिय भएर लाग्ने उनको भनाइ छ ।

# धार्मिक पर्यटनको गन्तव्य बन्दै महाराजा थान



**कावासोती/मस-**पूर्वी नवलपरासीको सदरमुकाम कावासोती बजारबाट करिब सात किलोमिटर उत्तरमा रहेको महाराजा थान मन्दिर धार्मिक पर्यटनको गन्तव्यका रुपमा विकास हुन लागेको छ ।

परापूर्वकालमा राजा मणिमुकुन्द सेनले स्थापना गरेर पूजापाठ गर्न सुरु गरिएको मन्दिरमा गएर भाकल गरेपछि पूरा हुने जनविश्वास रहेकाले मन्दिरमा भाकल चढाउन र पूजाआजा गर्ने भक्तजनको बाक्लो भीड लाग्ने गरेको छ ।

महाराजा बाबालाई साचो मनले सम्झेर गरेको भाकल पूरा हुने भएकाले यस मन्दिरमा दिनहुँ भाकल गर्न र पूजापाठ गर्न आउने बढ्दै गएका मन्दिरका पुजारी शिवराज महतोले बताए ।

उनले भने, 'यो मन्दिरको छुट्टै विशेषता रहेको छ, त्यो हो यहाँ भाकल गरेका सबै कुरा पूरा हुनु ।' धेरैलाई यो सुन्दा आश्चर्य लाग्ला, यहाँका स्थानीयवासी मात्र होइन मन्दिरमा पूजा गर्न जाने भक्तजनसमेत यो कुराले चकित पर्ने गरेका छन् ।

यस मन्दिरमा भाकल गर्न र पूजापाठ गर्न भारतको देहरादुनबाट नेपालका लगभग सबै क्षेत्रका तीर्थालु आउने गरेका पुजारी महतो बताउनुहुन्छ । कावासोती नगरपालिका-१ मा पर्ने यो धार्मिकस्थल जिल्लाकै मुख्य धार्मिक र पर्यटकीयस्थल मानिन्छ ।

यद्यपि आम श्रद्धालु र घुमन्ते पर्यटकको रोजाइमा परे झैं सरकारको नजरमा भने यो पुण्यधाम नपरेको कावासोतीवासी गुनासो गर्छन् । प्रचारप्रसारको अभावले ओझेलमा परेको भए पनि पछिल्ला केही वर्षदेखि यहाँ आउने भक्तजन उल्लेख्यरुपमा बढ्दै गएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष चेतबहादुर थापाले बताए ।

# बाँकेका दुई स्रष्टा सम्मानित



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, ११ मंसिर

प्रगतिशील लेखक संघ बाँकेले दुई जना स्रष्टालाई सम्मान गरेको छ । नेपाली भाषा, साहित्य, सांस्कृतिक सघं संस्थाको विकास र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका हरि प्रसाद तिमिल्सिना र पुष्कर रिजाललाई संघले नगद पुरस्कारसहित सम्मान गरेको हो । शनिबार भएको कार्यक्रममा प्रगतिशील लेखक संघ बाँकेका पूर्व अध्यक्ष तथा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य तिमिल्सिनालाई प्रलेस प्रतिभा पुरस्कारका साथमा २ हजार ५ सय रुपैयाँसहित दोसल्ला आढाएर सम्मान गरिएको थियो । यस्तै, स्रष्टा रिजाललाई दोसल्ला ओढाएर सम्मान-पत्रका साथमा सम्मान गरिएको थियो । सम्मानित भएका दुई जनालाई कार्यक्रमका प्रमुख अतिथि डा.गोपाल प्रसाद शर्मा अधिकारी, विशिष्ट अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार, लेखक सनत कुमार रेग्मी, वरिष्ठ लेखककार नरेन्द्र जंग पिटर लगायतले सम्मान गरेका थिए ।

स्रष्टा तिमिल्सिनाले पुरस्कार स्वरुप प्राप्त गरेको २ हजार ५ रुपैयाँमा ५ हजार रुपैयाँ थप गरेर प्रगतिशील लेखक संघ बाँके शाखाको अक्षयकोष वृद्धिका लागि अध्यक्ष पुष्पमणि प्रधानलाई हस्तान्तरण गरेका थिए । प्रगतिशील लेखक संघ बाँके शाखाका अध्यक्ष पुष्पमणि प्रधानको अध्यक्षता तथा प्राध्यापक डा.गोपाल प्रसाद शर्मा अधिकारीको प्रमुख आतिथि रहेको कार्यक्रमलाई प्रगतिशील लेखक संघ बाँके शाखाका सचिव गणेश कार्कीले सञ्चालन गरेका थिए । कार्यक्रममा ज्ञनोदय बहुमुखी क्याम्पस खजुराका क्याम्पस प्रमुख चरित्रा शाहले स्वागत मन्तव्य राखेकी थिइन् ।

कार्यक्रममा साहित्यकार चन्द्रावती अधिकारी, जेसी गाउँले, भुपेन्द्र सुवेदी, मधई सिंह सरदार, अवधि साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष बिष्णुलाल कुम्हारले रचना वाचन गरेका थिए । नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार सनत कुमार रेग्मी, प्रगतिशील लेखक संघ लुम्बिनी प्रदेशका अध्यक्ष पंकज कुमार श्रेष्ठ, सम्मानित व्यक्तित्वद्वय हरि प्रसाद तिमिल्सिना, पुष्कर रिजाल, वरिष्ठ लेखक नरेन्द्र जंग पिटरलगायतले कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

यस्तै, कार्यक्रममा कल्पना फाउन्डेसन नेपाल खजुराका संरक्षक ऋषिराम सापकोटा, सिर्जना कला साहित्यिक प्रतिष्ठानका अध्यक्ष शशीराम कार्की, मीना बराल, मोहम्मद मुस्तफा कुरैसी, रामचन्द्र आचार्य, प्रियन्का वैश्य, प्रकाश ढकाल, ललित प्रकाश चन्द, बिष्णु केसी, जगदीश ढकाल, महेन्द्र उच्च माध्यमिक विद्यालय रानीतलाउका शिक्षिका अनिता प्रधान, गणेश जिसी, आर्य समाज बाँकेका अध्यक्ष राजुमान श्रेष्ठ, बिपिन धामी, स्वामी दयाल गुप्ता, नवराज भट्टलगायतको सहभागिता रहेको थियो ।

## कांग्रेस...

छैनौं ।' रिमालका अनुसार एमालेले मिलिजुली सरकार चलाउने सन्दर्भमा कांग्रेससँग कुरा गर्न चाहेको छ । यसका पछाडि राजनीतिक स्थितरता दिने तर्क गरिएको छ । 'सरकारका बारेमा दुई-तीन वटा विकल्प हुन सक्छन् । कांग्रेसले सत्ता गठबन्धनले नै बहुमत पुऱ्याउन सक्छ भन्यो भने हामी प्रतिपक्षमै बस्न तयार छौं । दुई वटा पार्टीले सरकार सञ्चालनको मोडलबारे छलफल गरेर निष्कर्ष निकाल्ने र त्यसमा जाने हो ।'

सरकार गठनका नेकपा माओवादी केन्द्र निर्णायक बनेन । माओवादीकै बराबरको अर्को पार्टी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदय भएको छ । कांग्रेसले माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टीलाई समावेश गरायो भने केही झमेला गर्नै परेन । राष्ट्रिय स्वतन्त्र पार्टीलाई ल्याउन नसकेको अवस्थामा अर्को विकल्पबारे कांग्रेस र एमालेले छलफल गर्नुपर्ने रिमाललाई लाग्छ । उनी भन्छन्, 'सांसद किनबेचको संस्कारलाई प्रर्वद्धन गर्ने ढंगले कांग्रेस र एमाले अघि बढेमा अस्थिरता र बेथिति अघि बढ्छ । यसकारण अस्थिरता र बेथिति आउन नदिन कांग्रेस र एमालेले नै छलफल गर्नुपर्यो ।'

तर, संसदीय व्यवस्थामा स्पष्ट बहुमत पाए उसैले सरकार बनाउने हो । स्पष्ट बहुमत नपाएको अवस्थामा पहिलो वा दोस्रो दलले दुई वा दुई भन्दा बढी दलको संयुक्त सरकार बनाउने हो । तथापि, दोस्रो दललाई प्रतिपक्षीमै रहने म्यान्डेड पाएको मानिन्छ । किनभने प्रतिपक्ष दह्रिलो भए मात्रै संसदीय व्यवस्थामा विकृति नआउने विश्वास गरिन्छ । यस विश्वासका आधारमा कांग्रेस र एमालेको सरकारको सम्भावना नरहेको टिप्पणी गर्नेहरु पनि छन् ।

## दोलखामा...

मत राखेका थिए । तर, चारजना आयुक्तहरुको बहुमतको निर्णय कार्यान्वयन हुने भएकाले स्थलगत अध्ययन गर्न आयोगले टोली पठाइसकेको छ ।

स्याङजा-२ मा कतिपय मतदानस्थलमा एमालेले बुथ क्याप्चर गरेको भनी कांग्रेसले उजुरी दिएको छ भने कांग्रेसले बुथ क्याप्चर गरेको भनी एमालेले पनि उजुरी दिएको छ । त्यो सूचना आयोगमा आएपछि आयोगले आन्तरिक रुपमा अध्ययन गरेको थियो । थप अध्ययनका लागि टोली पठाउने कि नपठाउने भन्नेवारेमा फरक मत देखिएको हो ।

आयुक्त पौड्यालले भने मतदान अधिकृतले कुनै हुलहुज्जत भएको सूचना नदिएको, प्रक्रियासम्मत रुपमा नै निर्वाचन अधिकृतलाई मतपेटिका बुझाएकाले थप छानबिन आवश्यक नभएको राय दिएका थिए । साथै मतपेटिका बुझाउने क्रममा कांग्रेस र एमालेका प्रतिनिधिको रोहबरमा मुचुल्का गरी प्रतिनिधिहरुले सहीछाप गरेकाले थप छानबिन आवश्यक नभएको उनको जिकिर थियो ।

आयोगबाट बहुमतको निर्णयका आधारमा पठाएको टोलीले स्याङजा-२ को निर्वाचन अधिकृतको कार्यालयमा पुगेर सरोकारवालाहरुसँग छलफल गर्नेछ । त्यसवारे प्रतिवेदन पेश नभएकाले फेरि मतदान गर्ने वा मतगणना गर्ने भन्नेवारे टुंगो लागेको छैन ।

आयोगका अनुसार बाजुराका वारेमा पनि स्थलगत टोलीले अध्ययन गरेको छ । यसबारे सोमबार वा मंगलबार निर्णय हुने आयोग स्रोत बताउँछ ।

## आईपीओका...

रोजगारमा रहेका नेपालीले रेमिट्यान्स बचत खाताबाट मात्र आरक्षित आईपीओमा आवेदन गर्न पाउने छन् । आरक्षित कोटामा आवेदन गर्न कामदारले पछिल्लो ६ महिनामा कम्तीमा ५० हजार रुपैयाँ आफू कार्यरत रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्ने शर्त रहेको छ ।

वैदेशिक रोजगारमा रहेकाले डिम्याट खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गराउनु पर्ने व्यवस्था पनि गरिएको छ । वैदेशिक रोजगारमा रहेकाले आरक्षित कोटामा आईपीओ भरिसकेपछि सर्वसाधारणका लागि छुट्याएकोमा भने पुन: आवेदन गर्न नपाउने व्यवस्था गरिएको छ । सरकारको नीतिले वैदेशिक रोजगारमा रहेका विपन्न अवस्थाका कामदारको आर्जन दीर्घकालीन पुँजी निर्माणमा लाग्ने अपेक्षा गरिएको छ ।

# विवाह पञ्चमी मनाइँदै



**काठमाडौं/मस–** त्रेता युगमा मार्ग शीर्ष शुक्ल पञ्चमीका दिन सीता र रामको विवाह भएको सम्झनामा आज देशभर राम सीताको पूजा आराधना गरी विवाह पञ्चमी पर्व मनाइँदैछ ।

मिथिलाको प्राचीन राजधानी जनकपुरधाममा भगवान् सीता र रामको विवाह महोत्सव आज विधिपूर्वक मनाइँदैछ ।

रामायणमा वर्णन गरे अनुसार जनक नन्दनी सीताको विवाह भएको दिनलाई सम्झेर मिथिलावासीले विवाह पञ्चमी पर्वलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन् । त्रेतायुगमा मिथिलाका राजा जनकले आफ्नी छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका जेठा छोरा रामले तीन टुक्रा पारे । शिवधनुषलाई भाँचेपछि मंसिर शुक्ल पञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको थियो । रामायण अनुसार जनकपुरधामको रङ्गभूमिमा आयोजना गरिएको स्वयंवरमा ५६ कोटी देवताको उपस्थिति रहेको विश्वास गरिन्छ । सीतालाई छोरी-बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता शरीर नभए पनि अदृश्य रूपमा हुने विश्वासले हर्षोल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुन्छन् ।

महोत्सव मनाउने क्रममा मिथिलाको संस्कृति अनुसार मटकोर, तिलकोत्सव, स्वयंवर र विवाह संस्कार गरिन्छ । पौराणिक मान्यता अनुरूप राम मन्दिरबाट बाजागाजा, झाँकीसहित भगवान् रामको प्रतिमालाई विशेषरूपमा निर्मित डोला सिंहासनमा राखी रंगभूमिमा पुऱ्याइन्छ ।

त्यस्तै जानकी मन्दिरबाट सीतालाई विशेष सुसज्जित डोलामा राखी रङ्गभूमिमा लगिन्छ । रंगभूमिमा स्वयंवर विधि, परीक्षणको वैवाहिक विधि सम्पन्न भएपछि सीता-रामलाई जानकी मन्दिरमा ल्याइएपछि मिथिला संस्कृतिअनुसार विवाह सम्पन्न हुन्छ । सो अवसरमा निस्केको भगवानको डोला शोभा यात्रामा राज्यका विभिन्न स्थानलगायत सीमावर्ती भारतीय क्षेत्रका श्रद्धालु भक्तजनसमेत सहभागी हुने गर्छन् ।

श्रद्धालु भक्तजन बिहान सबेरैदेखि पवित्र सरोवर र नदीमा स्नान गरी पूजाअर्चना गर्ने गर्छन् । यस अवसरमा भजनकीर्तन, रामलीला, झाँकी र प्रवचनको पनि आयोजना हुँदै आएको छ । देवताको मानवीयकरणको भावनासँग सम्बद्ध विवाह महोत्सवमा सरिक भएपछि मनोवाञ्छित फल र मोक्ष प्राप्त हुने जनविश्वास छ ।

सप्ताहव्यापी विवाह पञ्चमी महामहोत्सवअन्तर्गत आज दिउँसो स्वयंम्बर तथा राति जानकी मन्दिरको परिसरमा निर्माण भएको विवाह मण्डपमा प्रतिकात्मक विवाह हुनेछ । सप्ताहव्यापी विवाह पञ्चमीअन्तर्गत यही मङ्सिर १३ गते रामकलेवा रहेको छ । रामकलेवामा भारतबाट आएका जन्ती तथा सरियातीहरूलाई राखेर प्रसादको रुपमा भोजन गराउने चलन रहेको र सोही दिन जन्तीलाई बिदाइ गर्ने चलन छ ।

**मधेसमा सार्वजनिक बिदा**

सीताराम विवाह पञ्चमी महामहोत्सवको अवसरमा मधेस प्रदेश सरकारले सोमबार सार्वजनिक बिदा दिएको छ । मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले शुभकामना सन्देश जारी गर्दै विवाह पञ्चमीको अवसरमा प्रदेशभर सार्वजनिक बिदा रहेको बताए ।

सप्ताहव्यापी रुपमा जनकपुरमा धुमधामसित मनाइने सीताराम विवाह पञ्चमीको आज मुख्य दिन रहेकाले प्रदेश सरकारले विगत वर्ष जस्तै बिदा दिएको हो । जनकपुरधामको निजी तथा सामुदायिक विद्यालयमा आजदेखि तीन दिनका लागि बिदा दिइएको छ ।

# रुकुमपूर्वमा शल्यक्रियामार्फत् शिशुको जन्म

**मुसीकोट/मस–** जिल्ला अस्पताल रुकुमपूर्वमा पहिलो पटक एक गर्भवतीको शल्यक्रिया गरिएको छ । अस्पताल स्थापना भएको पाँच वर्षपछि जिल्ला अस्पतालमा पहिलो पटक सुत्केरीले शल्यक्रियामार्फत शिशु जन्माएकी हुन् ।

शनिबार अस्पतालमा भूमे गाउँपालिका-८ की सन्तु बुढाको शल्यक्रिया गरिएको डा पूर्णबहादुर पुनले जानकारी दिए । उनका अनुसार शल्यक्रिया डा.नारायण बरालको टोलीले गरेको हो । सुत्केरी हुने समय नाघेको र सामान्य अवस्थामा शिशु जन्माउन नसकेकाले शल्यक्रिया गर्नुपरेको डा.पुनले बताए । उनले भने, 'आमा र शिशुको स्वास्थ्य सामान्य छ ।'

विसं २०७४ पुस ७ गते रुकुमकोटस्थित स्वास्थ्य चौकीलाई जिल्ला अस्पतालमा परिणत गरिएको थियो । आवश्यक जनशक्ति र पूर्वाधारको अभावमा जिल्ला अस्पतालले दिने सेवा प्रवाह उल्लेख्य हुन नसकेपछि सांसद विकास कोष र सिस्ने गाउँपालिकाको आर्थिक सहयोगमा २०७८ असारमा शल्यक्रिया भवन निर्माण गरिएको थियो । सिस्ने गाउँपालिकाको ३५ लाख र तत्कालीन प्रतिनिधिसभा सदस्य कमला रोकाको संसद् विकास कोषको रु १४ लाख गरेर ४९ लाखको लगानीमा शल्यक्रिया भवन निर्माण गरिएको हो ।

**थाक्रे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**महादेबबेशी धादिङ**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७९/०८/१२**

यस कार्यालयको मिति २०७९/०८/०२ मा प्रकाशित सूचना अनुसार पेश भएका बोलपत्रहरुको Technical Evaluation र Financial Evaluation बाट तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृतका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं. | खरिदको विषय | स्वीकृत बोलपत्रदाता |
|---|---|---|---|
| १. | राजश्व /२/२०७९/०८० | सडक मर्मत शुल्क | श्री कुम्लुङ्ग निर्माण सेवा प्रा. लि., काठमाडौं |
| २. | राजश्व /३/२०७९/०८० | सडक मर्मत शुल्क | श्री कुम्लुङ्ग निर्माण सेवा प्रा. लि., काठमाडौं |

**प्रमुख प्रशासकीय अधिकृत**

# विश्वविद्यालय विशिष्टिकृत हुनुपर्छ : मन्त्री पौडेल



**बनेपा/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले देशभित्रै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउनुपर्ने जनताको अधिकार स्थापित गर्नुपर्ने बताएका छन् ।

विश्वविद्यालयहरू विशिष्टिकृत हुनुपर्ने आवश्यकता औंल्याउँदै उनले गुणस्तरीय शिक्षा पाउने अधिकारबाट कसैलाई पनि वञ्चित गर्न नहुने बताए ।

काभ्रेपलाञ्चोकको धुलिखेलमा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा निर्माण गरिएको 'वातावरण भवन' को आज उद्घाटन गर्दै मन्त्री पौडेलले काठमाडौं विश्वविद्यालय प्राविधिक क्षेत्रको विषयमा अरु विश्वविद्यालयमध्येमा उदाहरणीय बन्दै गएको बताए ।

विश्वव्यापीकरणको युगमा इच्छाएको देशमा गएर अध्ययन गर्न पाउनु स्वभाविक भए पनि नागरिकले पढ्न चाहेको शिक्षा देशभित्रैबाट प्राप्त गर्न पाउने वातावरण विश्वविद्यालयहरुले बनाउनुपर्नेमा उनको जोड थियो ।

विश्वविद्यालय खुल्दै जाने र पुरानै खालको विषय बढाउँदै जाने हो भने संख्या मात्रै थपिन्छ तर संख्याभन्दा पनि गुणस्तरमा जोड दिन उनले आग्रह गरे । मन्त्री पौडेलले प्रदेशलाई पनि संविधानले दिएको अधिकारअनुसार विश्वविद्यालयहरु खोल्ने मान्यता दिएको बताए ।

काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाले सरकारको नीति तथा बजेटमा काठमाडौं विश्वविद्यालयलाई पनि नयाँ कार्यक्रम परेको उल्लेख गर्दै त्यसले नेपालको विकासको अर्को मोडेलमा जाने काममा थप सहयोग पुग्ने बताए । विश्वविद्यालयको इन्भारोमेन्ट साइन्स एण्ड इञ्जिनियरिङ विभागका डा. विकास अधिकारीले विश्वविद्यालय अनुदान आयोगको सहयोगमा तीन करोड ११ लाखमा भवन निर्माण भएको जानकारी दिए ।

# डोल्पामा पहिलो पटक जटिल शल्यर्क्रिया

**जाजरकोट/मस–** डोल्पा अस्पतालमा जटिल खालको शल्यर्क्रिया भएको छ । आर्थिक रुपमा विपन्न रुकुम पश्चिम आठबीसकोट-४ घर भई डोल्पा सदरमुकाममा दुई वर्षदेखि मजदूरी गर्दै आएकी कमला विकको सफल शल्यर्क्रिया गरिएको हो ।

पाठेघरको नलीमा बच्चा बसी,नली फुटेर पेटभित्र रगत जमेपछि उक्त समस्याको लागि डोल्पामै पहिलो पटक शल्यार्क्रिया गरिएको डा.अखण्ड उपाध्ययले बताए ।

यस्तो खालको शल्यर्क्रिया तत्काल नगरे आमाको ज्यान जोखिममापर्ने सम्भावना बढी हुने डा.उपाध्ययको भनाइ छ । 'एक्सप्लोरेट्रि ल्याप्सटोमि' को शल्यर्क्रिया डोल्पामा पहिलो पटक भएको उनको भनाइ छ । डाक्टर उपाध्ययले भने, 'पेट खोलेर पाठेघर भन्दा बाहिर पाठेघरको नली फुटेको पत्ता लगाइ, त्यो फुटेको भाग मिलाएर पेटमा जम्मा भएको रगत सफा गर्ने कामलाई एक्सप्लोरेट्रि ल्यापारोटोमी भन्ने गरिन्छ ।'

बिरामीलाई समयमा जिल्ला बाहिर सिफारिस गरेमा पनि तत्काल सुविधा सम्पन्न अस्पतालमा पुऱ्याउन मुस्किल हुँदै आएको छ । जुफाल विमानस्थलमा जहाज नियमित नआउने भएकाले पनि बिरामीले भनेको समयमा उपचार पाउन पाउँदैनन् । रगतको अभावमा जिल्लास्थित सुरक्षाकर्मीको सहयोगमा रगत दिने काम हुँदै आएको डा.उपाध्यायले जानकारी दिए ।

**Gadhawa Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Gadhawa Dang**

**Invitation for Bids**

**First Date of publication: November 28, 2022 (12 Mansir 2079)**

1. Gadhawa Rural Municipality Dang invites electronic bids only from Nepalese eligible bidders for the construction of Projects as mentioned below under NCB Procedures. Bidding is open to all eligible Nepalese bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gadhawa Gaunpalika Dang, e-mail: ito.**gadhawagaunpalika@gmail.com**, or may visit PPMO website www.bolpatra.gov.np/egp.

| Contract ID | Last Date of Bid Submission | Date and time of Bid Opening | Bid Validity Period | Bid Security Validity Period | Prebid Meeting |
|---|---|---|---|---|---|
| 06/NCB/GRM/W/2079/080 | December 28, 2022 (within 12:00 PM) | December 28, 2022 (1:00 PM) | 90 days after bid opening date | 120 days after bid opening date | December 18, 2022 (1:00 PM) |

**Bank Account Details to deposit bid security amount**

| Name of the Bank | Name of Office | Office Code no | Dharauti Khata No. | Rajaswa Account No. |
|---|---|---|---|---|
| NIC ASIA Bank, Lamahi Branch | Gadhawa Rural Municipality | | 514149882524003 | 0512050028738002 |

**Details of the contract:**

| S.N | Contract ID | Descriptions of Work | Estimated Amount with VAT | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|---|
| 1 | 06/NCB/GRM/W/2079/080 | मदपुर पिपलडाँडा देखि खवरी उपल्लो टोल सम्म बाटो पक्की नाली सहित स्तरोन्नती गढवा ६ । | 99,11,658.20 | 2,50,000.00 | 3000.00 |

3. Mandatory information which is not covered in this bidding document will be as per PPA and latest edition of PPR.
4. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all Bids at any time prior to contract award.

**Chief Administrative Officer**

**KUWAIT मा रोजगार** कम्पनी: NATIONAL CATERING COMPANY GENERAL TRADING & CONTRACTING W.L.L.

पूर्व स्वीकृत मितिः २०७९/०५/१५ चलानी नं.: ६०१८३४३६ LT. No.: 270773 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 20 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५१,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper (Indoor) | 44 | 0 | | 85 | ३५,००९ | | | | | | | |
| 3. | waiter | 129 | 0 | | 120 | ४९,४२५ | | | | | | | |

कम्पनी: CARE FOR BUILDING AND CITIES CLEANING CONTRACTING CO WLL शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०६/०७ चलानी नं.: ६०१८८२२८ LT. No.: 272533 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | (INDOOR) CLEANERS / HELPERS | 24 | 25 | स. काममा दक्ष | 90 | ३७,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १९ गते (5 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०७९ /०८/१२)**

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०७९/०६/१२ गते हिमालय टाईम्स राष्ट्रिय दैनिक प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | खरीद कार्यको प्रकृति | सारभूतरुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक रु. |
|---|---|---|---|---|
| १ | CSGM/NCB/GOODS-07/079-80 | Procurement of Backhoe Loader. | Jagadamba Construction Solution Pvt. Ltd. Lalitpur | ३९,५०,०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

मध्यान्ह
www.madhyanhadaily.com

१२ मंसिर २०७९, सोमबार
28 November 2022, Monday

सम्पादकीय

## चुनावी नतिजाको पाठ

तुलनात्मक रूपमा यसपटकको निर्वाचन शान्तिपूर्ण रूपमा लगभग सकिएको छ । केही स्थानमा पुनःमतदान गर्नुपर्ने बाहेक अन्यत्र शान्तिपूर्ण निर्वाचन हुन सक्नु लोकतन्त्र परिपक्क बन्दै गएको संकेत हो । लोकतान्त्रिक प्रक्रिया र पद्धति बलियो हुँदा निर्वाचन नियमित प्रक्रिया मात्रै हुने गर्छ । निभर्यताका साथ मतदाताले मतदान गर्छन् र पराजित हुनेले पनि सहज रूपमा स्वीकार्छन् । तर, लोकतान्त्रिक प्रकृया संस्थागत हुन नसकेका मुलुकहरूमा चुनाव हुनै नसक्ने र हुँदा पनि शान्तिपूर्ण रूपमा सम्पन्न नहुने समस्या आउने गर्छ । हाम्रै विगतले पनि निर्धारित समयमा चुनाव हुन नसक्ने र हुँदा पनि पराजय स्वीकार्न नसकेका थुप्रै उदाहरण छन् । हरेक चुनावमा धाँदली भएको निष्कर्ष राजनीतिक दलका नेताहरूले निकाल्ने गरेका छन् । निर्वाचन पश्चात् सरकार गठनमा त्यसको असर पर्ने गरेको छ ।

तर यसपटक निर्धारित र नियमित समयमै निर्वाचन भयो । निर्वाचनमा ठूला दलहरूले सत्ता र विपक्षी गठबन्धन भएर प्रतिस्पर्धामा सहभागी भए । नयाँ दलहरूले गठबन्धनबिनै ठूलो सफलता हात पारे । काठमाडौं सहित केही शहरी क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी, पश्चिम तराईमा नागरिक उन्मुक्ति र पूर्वी मधेशमा जनमत पार्टीको उदय भयो । यो चुनावले कुनैपनि दललाई बहुमत दिएन । नयाँ सरकार संयुक्त हुने भयो । त्यसका लागि दलहरूले गृहकार्य शुरू गरिसकेका छन् । ठूलो दल बनेको नेपाली कांग्रेस वा अर्को दल नेकपा एमालेले सरकार बनाउँछ भन्ने अबको मुख्य चासो हो । तर त्यसअघि चुनावी समीक्षा आवश्यक हुन्छ ।

किनकि यसपटकको जनादेशले केही सन्देश प्रष्ट दिएकोछ । ठूला दलहरूले सहकार्य गरेर मात्रै अगाडि बढ्नुपर्ने मत पाएका छन् । कुनै दलभित्र मात्रै नभएर अन्तरदलीय सहकार्य यो जनादेशको मुख्य सन्देश हो । अघिल्लो चुनावले जस्तै कुनै गठबन्धन वा दललाई यसपटक प्रष्ट बहुमत प्राप्त छैन । सँगै केही प्रवृत्तिबारे समेत यो चुनावले प्रष्ट पारेको छ । मुख्य प्रवृत्ति भनेको जनताको भावना र चाहना अनुसार काम गर्न नसक्ने व्यक्ति जतिसुकै ठूलो गठबन्धन र पदमा भए पनि जित्न सक्दैनन् । पूर्वप्रधानमन्त्री झलनाथ खनाल, गृहमन्त्री बालकृष्ण खाँण, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव लगायतले हारले त्यो पुष्टि हुन्छ । पराजय बेहोर्ने वर्तमान र पूर्वमन्त्रीहरूको सूची लामै बन्छ । तसर्थ चुनावको समीक्षा गरिरहँदा यसतर्फ पनि ध्यान दिन जरूरी छ । किनकि चुनावको समीक्षा पनि लोकतन्त्रको एउटा महत्वपूर्ण अन्तर्वस्तु हो ।

# अध्यात्मको दृष्टिमा विवाह पञ्चमी

*महिनाभरमा पूर्णिमा जसरी पूर्ण छ, त्यसैगरी ब्रत, तीर्थ, पुण्यको पूर्णताको लागि मिथिलापुरीको दर्शन आवश्यक छ । मिथिलामा गरिएको पुण्य अन्य क्षेत्रमा तुलना हुन सक्दैन । अक्षय फल प्राप्त गर्न चाहने साधकहरूले जनकनन्दिनी सीताको क्षेत्र जनकपुरको भ्रमण गर्नुपर्ने हुन्छ ।*

धर्म/संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

मार्ग शुक्ल पञ्चमीमा मनाइने राम जानकी विवाह महोत्सव साताव्यापीरूपमा मनाउने क्रममा जनकपुरमा शुरु भइसकेको छ । महोत्सव हेर्न र राम जानकीको दर्शन गर्न हजारौं दर्शालु आइसकेका छन् ।

धार्मिक, आध्यात्मिक दृष्टिले प्राचीन समयदेखि नै महत्व पाएको नेपालमा जति घरहरु छन् त्यति नै मन्दिरहरु पनि । जनकपुरक्षेत्रमध्ये जनकपुरधाम, धनुषाधाम, जलेश्वरशिव, सिन्धुलीको कुशेश्वरशिव, दोलखाको भीमेश्वरशिव लगायत कालिञ्चोकदेवी जस्ता प्रसिद्ध शक्तिपीठहरू मुख्य हुन् । सन्दर्भ श्रीराम सीताको विवाह महोत्सव रहेकाले यसै सेरोफेरोमा चर्चा गर्ने यो लेखको उद्देश्य रहेको छ ।

*मिथिलेति त्रिवर्णीयं श्रुतितोऽपि गरीयसी । मकारो विश्कर्ता च थकार : स्थितिपालकः ॥*
*लकारो लयकर्ता वै त्रिमात्रा शक्तयोऽभवन् । प्रणवेन समं सिद्धि : सर्वाघौघंनिवारणम् ॥*
*पौर्णमासीं विना चन्द्रो यथा पूर्णो नजायते । तथा तीर्थादिकं कृत्वा पूर्णो न मिथिलां विना ॥*
*मिथिलायां कृतं पुण्यमिहलोके परत्र च । अक्षयं स्यात्तु तत्सर्वं राम-सायुज्यकारकम् ॥*

***–विष्णुपुराण***



मिथिला क्षेत्र आफैं महान छ । तीन अक्षर मिथिलाको 'मि' अर्थात् विश्वको सृष्टि हो । 'थि'ले रक्षा, संसारको पालन बुझिन्छ भने 'ला'ले लय, प्रलय भन्ने संकेत गर्छ । चन्द्रमा बिना पूर्णिमा अधुरो भएझैं मिथिला बिनाको तीर्थ अधुरो रहन्छ । मिथिलामा गरिएका कुनै पनि सुकार्यले इह र पर लोक दुवै सुध्रन्छ । राम सीताकै कारण त्यो क्षेत्र सायुज्य मुक्ति क्षेत्र नै हो । यस्तो सौभाग्य बोकेको यो क्षेत्र हाम्रा लागि अहोभाग्यको विषय हो ।

विष्णुपुराण, स्कन्दपुराण आदि पूर्वीय शास्त्रहरूले जनकपुरधामका बारेमा विशद् वर्णन गरेका छन् । जनकपुर क्षेत्रलाई मिथिला क्षेत्र भनिन्छ । दार्शनिक तपस्वी राजा जनकको राज्यक्षेत्र भएकाले यस क्षेत्रको नाम जनकपुर रहेको हो । मिथिला क्षेत्र निकै व्यापक छ । दक्षिणमा भागीरथी, पूर्वमा हिमालयक्षेत्र कौशिकीनदी र पश्चिममा गण्डकी नदीको बीच भाग मिथिला क्षेत्र हो । सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता महेश्वर अर्थात् तीन वटाको समष्टि ॐ को केन्द्र मिथिला हो । सृष्टि, स्थिति र संहारकी प्रतीक महामाया, महालक्ष्मी र महाकालीस्वरूप सीताको उद्गमस्थल जनकपुरक्षेत्र हो । पापनाशक मिथिला क्षेत्र विश्वकै लागि उत्कृष्ट क्षेत्र हो ।

महिनाभरमा पूर्णिमा जसरी पूर्ण छ, त्यसैगरी ब्रत, तीर्थ, पुण्यको पूर्णताको लागि मिथिलापुरीको दर्शन आवश्यक छ । मिथिलामा गरिएको पुण्य अन्य क्षेत्रमा तुलना हुन सक्दैन । अक्षय फल प्राप्त गर्न चाहने साधकहरूले जनकनन्दिनी सीताको क्षेत्र जनकपुरको भ्रमण गर्नुपर्ने हुन्छ । मिथिलाका १५ नामहरू शास्त्रहरूले बताएका छन् । १) मिथिला २) वैदेही ३) यज्ञक्षेत्र ४) जानकीजन्मभूमि ५) विश्वमङ्गला ६) क्रियापीठ ७) विकल्मषा ८) निरपेक्षा ९) नैमिकानन १०) रामानन्दकरी ११) स्वर्णलाङ्घनपद्धति १२) तैरमुक्ति १३) तपोवन १४) शाम्भवी १५) स्वर्णकानन ।

ब्रह्मज्ञानी जनकबाट व्यासपुत्र शुकदेव स्वामीले भागवतको अध्ययन गरेका थिए । ९ वालयोगीश्वरहरू- कवि, हरि, अन्तरिक्ष, प्रबुद्ध, पिप्लायन, आविर्होत्र, द्रुमिल, चमस, करभाजनले राजा जनकलाई ब्रह्मज्ञान सिकाएका थिए । महाज्ञानी महर्षि याज्ञवल्क्य राजा जनकका गुरु थिए । संसारका ज्ञानी, महात्मा, पुण्यात्माहरू जनकसँग वेदान्तको ज्ञान सिक्न आउँथे । अध्यात्म ज्ञानका शिखरपुरुष राजा जनकलाई विदेह महाराज भनिन्थ्यो । देह भएर पनि देहबाट मुक्त, संसारमा रहेर पनि सांसारिक विषयबाट मुक्त राजा जनकको दरवारमा योग शिक्षा सिकाइन्थ्यो । अध्यात्मक्षेत्रका स्रोत व्यक्तिहरूको सभा, सम्मेलन भइरहन्थ्यो । भनिन्छ, जनकपुरक्षेत्रका पशु, पंक्षी, वृक्ष, वनस्पति सबैले वेदको भाषामा कुराकानी गर्थे । सम्पूर्ण वायुमण्डल वेदमय बनेको थियो । सर्वत्र पूजित व्यक्तित्वहरूको संगमक्षेत्र मिथिला विश्वको सर्वोत्कृष्ट ज्ञान र विज्ञानको स्रोत रहेको थियो ।

मैथिली भाषाका कवि श्रीविद्यापति कोकिलको शालिकसमेत भएको यो क्षेत्रमा मिथिला साहित्यको भरपूर विकास भएको छ । पावन नदीहरूले सेचन गरेको मिथिला भूमिमा भगवती आद्या शक्ति स्वरुपिणी महामायाले धर्तीमा अवतरित हुने निधो गर्नु भयो । एकदिन सुनको हलोले यज्ञभूमि जोतिरहेको बेला वसन्तऋतु, वैशाख शुक्ल नवमीको पुण्यतिथिमा पृथ्वीको गर्भबाट जगत्जननी जानकीको उदय भयो । अति राम्री कन्या प्राप्त गरेका राजा जनकले महारानी सुनैनालाई छोरीको रूपमा लालन पालन गर्न आज्ञा दिनुभयो । सीताको उदय दिन भने वैशाख शुक्ल नवमी हो ।

अघि सृष्टिकर्ता ब्रह्माजीको अंगबाट उत्पत्ति भएका स्वयम्भू मनु र रानी शतरूपाले सर्वेश्वर श्रीहरिको तपस्या गर्दा श्रीहरि प्रसन्न भई वरदान माग्न भन्नुभयो । स्वयंभू मनु र शतरूपा महारानीले एकै स्वरमा "तपाईं जस्तै पुत्र प्राप्त गर्न सकौं" भनेर वरदान मागेकाले भगवान्ले "तथास्तु" भन्नु भएको थियो । एक पटक मात्र होइन तीन पटकसम्म युग युगपिच्छे आफू पुत्र भएर धर्तीमा अवतरण हुने भगवान्को वचन थियो । त्रेतायुगमा पृथ्वीका दुष्ट शासकहरूका विरुद्ध भू-भार हरण गरी लोकहित र लोककल्याण गर्न श्रीहरिले राम अवतार लिने निधो गर्नु भयो । मनुष्यको रूपमा अवतरित हुने क्रममा अघि वरदान प्राप्त स्वायंभू र शतरूपा अयोध्या नगरीमा राजा दशरथ र रानी कौशल्याको गर्भमा आफू रहने विचार गर्नुभयो । भारतको अयोध्या नगरीमा राजा दशरथ पुत्र श्रीहरि श्रीरामका रूपमा अवतरित हुनु र श्रीलक्ष्मीले जनक नन्दिनी सीताको रूपमा अवतरित हुनु केवल संयोग मात्र नभएर पूर्व योजना नै थियो ।

राम र सीताको विवाहमा स्वयम् ब्रह्माजीसमेत आउँदा जनकपुरको वैभव देखेर आफ्नो रचनामा आश्चर्य मान्नुभएको थियो । त्यसबेला जनकपुरमा देखिएको स्वर्ण मण्डप, अलौकिक कला कौशलता, भव्य महलहरू हेर्दा सिर्जनाकी स्रोत महामाया देवीको कृपाप्रसाद भनेर सहजै भन्न सकिन्थ्यो । जनकपुरको मध्य बजार क्षेत्रमा जानकी मन्दिर रहेको छ । भारतकी टीकमगढकी महारानी वृषभानु कुँवरले सम्बत् १९६८ मा नौलाख रूपैयाँ खर्च गरी बनाएको यो मन्दिरलाई नौलखा दरबार पनि भनिन्छ । मुगल शैलीमा बनेको यो मन्दिरलाई शीशमहल भन्ने गरिन्छ । मन्दिरको गर्भ गृहमा राम र सीताका भव्य मूर्तिहरू छन् । सदैव राम सीताको दर्शन गर्न भीड लाग्ने यो मन्दिरको चारैतर्फ दुई र चार तला गरी महलका बुर्जाहरू बनाइएका छन् । जनकपुरको राम जानकी मन्दिर परिसरको पश्चिमपट्टि सुनयना - जनक मन्दिर छ, जहाँ अंगरागसरबाट झिकाइएका राम, सीता, लक्ष्मण एवम् जनक राजा परिवार सहितकै मूर्तिहरू स्थापित छन् । मन्दिरको पश्चिमपट्टि राम-जानकी विवाह मण्डप छ । नेपाली मण्डप शैलीमा बनेको यो मण्डपमा राम-सीताको विवाहमा आएको ऐतिहासिक झाँकी र देवदेवी एवम् महर्षि गणहरूको सुन्दर मूर्तिहरू स्थापित गरिएको छ । मण्डप परिसरमा भव्य पुष्प उद्यान रहेको छ ।

जानकी मन्दिर पूर्वतर्फ श्रीराम मन्दिर छ । लक्ष्मी-नारायण ईश्वरका दशै अवतारका मूर्तिहरू, हनुमानमन्दिर, देवीमन्दिर, लक्ष्मणमन्दिर, जनक मन्दिर, दशरथ मन्दिर, संकट मोचन, रत्न सागरक्षेत्र र जनकपुरको पवित्र तलाउ हेर्न लायक छन् । राम मन्दिरदेखि पूर्वपट्टि राम्रा दुई तलाउहरू छन् । यिनलाई धनुष सागर र गंगा सागर भनिन्छ । अघि महर्षी वशिष्ठबाट श्राप प्राप्त गरेका राजा निमिका सन्तान थिएनन् । सन्तति नभएका राजाको शरीर मन्थन गर्दा मिथि नामक एक बालक पैदा भए । मिथि नामक बालकको नामबाट त्यो क्षेत्र मिथिला रहने भयो । याज्ञबल्क्य आदि अन्य गुरुहरूले मन्थन गरेको र मृत शरीर मन्थन गर्दाको प्रायश्चितबाट उनीहरू शुद्ध हुनुपर्ने थियो । महर्षि, मुनिहरूलाई ब्रह्माण्डमा रहेका सम्पूर्ण तीर्थक्षेत्रहरूलाई त्यहाँ आवाह्न गरियो । गङ्गा आदि पुण्य नदीहरू, सम्पूर्ण समुद्रहरू, सारा तीर्थक्षेत्रहरूको अंश स्वरूप गङ्गासागरको रूपमा यसक्षेत्रमा आएर रहने भए । यहीँ स्नान गरेर ऋषि मुनिहरू आफू शुद्ध भए । अहिलेसम्म पनि आफ्नो पापको प्रायश्चित गर्न चाहनेहरू त्यहाँ स्नान गर्न जान्छन् । तलाउको वरिपरि घाटहरू छन् । राम जानकीक्षेत्र जनकपुरमा सदैव मेला लाग्ने गर्छ । तर पनि चैत्र शुक्ल नवमीमा विशेष मेला लाग्छ ।

श्रीरामजन्मोत्सवको रूपमा मनाइने रामनवमी पर्वमा यहाँ देश परदेशबाट दर्शनार्थीहरू भगवान्को दर्शन गर्न आउँछन् । त्यस्तै वैशाख शुक्ल नवमीका दिन जानकीको उदय भएको यस दिन भक्त जनहरूले विशेष उत्सवको रूपमा मनाउँछन् । भजन, कीर्तन, कथावाचन, गीत नृत्य गरी विशेष रूपमा मनाइन्छ यो पर्व ! यस्तोक्षेत्र हाम्रो भूमिमा हुनु, हाम्रो देशको गौरव हो, त्यसैले त यो देश मुक्तिक्षेत्र हो । आफैंले आफ्नो महत्व नबुझ्नु हाम्रै कमजोरी त हो ।

सामाजिक सञ्जाल



- शरददराज पाठक

परम्परागत राजनीतिमा वर्चश्व कायम गर्न अति महत्वाकांक्षी राजनीतिक पात्रले अनेक दाउपेच लगाउनु र पार्टीभित्र र बाहिर साँठगाँठ गर्नु नौलो हैन । विगतमा त्यस्ता उदाहरण प्रशस्त थिए, यो पटक पनि छन् । विकृत राजनीति नसंग्लिएसम्म रोनाधोना र 'नेता' को छबि बचाउने आसेपासेको प्रयास व्यर्थ ।



- रञ्जित तामाङ

नेपाल स्वतन्त्र पार्टीले काठमाडौं-४ मा उम्मेद्वारी नदिनु र अहिले देउवा निकट प्रकाशशरण महतले 'रास्वपासँग सहकार्य हुँदैन' भन्नु संयोग होइन । उम्रिएर २०/३० वटा पात नहाल्दै यस्तो शंकास्पद व्यहार हुन्छ भने, रास्वपा भविष्यमा कि रूखको ऐँजरू बन्छ, कि घाम ताप्ने पोखरीको जलकुम्भी बन्छ ।



- मुमाराम खनाल

प्रत्यक्षतर्फ ७५ निर्वाचन क्षेत्र प्रर्याप्त थियो । तर, तत्कालिक "ठूला दलका ठूला नेताहरू"ले तीन/पाँच हजार मत यताउता पारेर चुनाव जित्ने प्रपन्चको लागि थोरै मतदाता संख्यासहितका धेरै निर्वाचन क्षेत्र बनाए । अनि परिणाम त जथाभावी आउने नै भयो । 'म्याच फिक्सिङ' कुटनीति पहिले नै तय भएको थियो ।



- डम्मर खतिवडा

गणितमा पहिलो भए पनि खासमा यो चुनावमा ठूलो नैतिक तथा राजनीतिक पराजय नेपाली कांग्रेसको भयो । एक्लै देशभरि उम्मेदवारी दिने र प्रतिस्पर्धा गर्ने पार्टीले यति ठूलो महागठबन्धन हुँदा समेत पाएका सिट पनि जित्न सकेन । समानुपातिकमा पनि दोस्रो । विजातीय दलहरूलाई बोकेर हिँडेको राम्रै सजाय ।



- अनाविका गिरि

लाखौं नेपालीलाई अनागरिक बनाइराखेर 'राष्ट्रियता'को दुहाइ दिँदै राष्ट्रपतिले नागरिकता विधेयक रोकिराखेकी छन् । तर यताको नत्यागी अमेरिकाको नागरिकता, पासपोर्ट लिएर फेरि उताको पनि नत्यागी खारेज नागरिकता बोकेर चुनाव जित्ने रवी लामिछानेलाई पत्रकार सोध्छन्, "सरकारमा जाने कि नजाने ?"

# नेतृत्वमा पुस्तान्तरणको बहस

विचार



● बिदुर दाहाल

नेपालमा बामपन्थी विचार धारामा विश्वास गर्ने मतदाता उल्लेख्य छन् । २०६४ देखि अहिलेसम्मका आम निर्वाचनलाई हेर्दा पनि त्यो पुष्टि हुन्छ । २०७४ सालको आम निर्वाचनमा गठबन्धन गरेर चुनाव लडेका नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) अभूतपूर्व मत ल्याएका थिए । बाम गठबन्धनको पक्षमा जनताले झण्डै दुई तिहाई मत दिएका थिए । जनताको मतकै आधारमा निर्वाचन पछि एमाले र माओवादी केन्द्र एकता गरेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को गठन गरिएको थियो । नेकपाको गठन नेताहरुको आकांक्षाभन्दा पनि जनताको इच्छा थियो । नेकपा गठन पछि जनतामा ठूलो आशा पनि पलाएको थियो । तर, नेतृत्वले आशालाई केही वर्ष पनि टिक्न दिएन । ठूलो जनमतको नेतृत्व गरेका कसैलाई जङ्गबहादुर बन्ने इच्छा जाग्यो । कसैले अपमान भएको ठाने त कसैले सम्झौता उल्लंघन भएको ठाने । जे भए पनि जनताको विश्वासमाथि मिलेरै फेरि कुठाराघात भयो । यो विगतको समिक्षा हो । यो एउटा इतिहास बनिसकेको छ । यो घटनाले कम्युनिस्टहरु सत्ता चलाउन सक्दैनन् र जान्दैनन् भन्ने पुष्टि गरेको छ ।

झण्डै दुई तिहाईको सरकार बहिर्गमन भएपछि नै शेरबहादुर देउवाको नेतृत्वमा जनमत बेगरको सरकार बनेको थियो । उनीबाट उल्लेखनीय काम हुन्छ भन्ने जनअपेक्षा थिएन र अहिले पनि छैन । जुन व्यवहारमा पनि देखियो । जनताको चाहाना उनीबाट लोकतन्त्रको हुर्मत नलियोस् भन्ने थियो । त्यसलाई जिबित राखे । समयमा चुनाव गराए त्यो नै ठूलो काम भएको छ ।

